# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४ )जनकपुरधाम,नेपाल, चैत्र १३ गते,२०७७ साल(अतिरिक्ताङ्क ८


भाग २

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## पिडित व्याक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका,२०७७

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम प्रदेश नम्बर दुईको प्रदेश सरकारले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः-

(क) "अध्यक्ष" भन्नाले आर्थिक सहायता सिफारिस समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अशक्त" भन्नाले शरिरका केही अंग नचल्ने भए पनि कामकाज गर्न नसक्ने भई अस्पतालको शैयामा रहेको तर उपचार गराउन आर्थिक अवस्था कमजोर रहेको व्यक्ति सम्झनु पर्छ ।

(ग) "असहाय" भन्नाले आफ्नो जायजेथा केही नभएका, स्याहार सुसार गर्ने कोही नभएका र आफैं रोजगारी गरी जीवनयापन गर्न नसक्ने वा गरीब व्यक्ति सम्झनु पर्छ ।

(घ) "गम्भिर प्रकृतिको रोग लागेको व्यक्ति" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारद्धारा मान्यता प्राप्त सरकारी चिकित्सकबाट किड्नी, मुटु, क्यान्सर, ब्रेन हेमरेज र ब्रेन ट्युमर समेतको बिरामी हो भन्ने प्रमाणित गरेको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "पीडित व्यक्ति" भन्नाले प्राकृतिक तथा गैर प्राकृतिक विपद्, हिंसा, दुर्घटना, द्धन्द्ध आदिबाट प्रभावित भएको राष्ट्रसेवक वा नागरिक वा प्राकृतिक तथा गैर प्राकृतिक विपद्, हिंसा, दुर्घटना, द्धन्द्ध आदिबाट मृत्यु

भएको राष्ट्रसेवक वा नागरिकको नजिकको हकवालालाई समेत जनाउँछ ।

(च) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २ लाई सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले आर्थिक सहायता सिफारिस समितिको सदस्य सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ४ बमोजिमको आर्थिक सहायता सिफारिस समिति सम्झनु पर्छ।

(झ) "संघ संस्था" भन्नाले आर्थिक, सामाजिक, सांस्कृतिक तथा साहित्यिक क्षेत्रको उथ्थानको लागि प्रचलित कानून बमोजिम दर्ता भएको संघ संस्थालाई सम्झनु पर्छ ।

३. <u>आर्थिक सहायताः</u> (१) प्रदेशभित्रका पीडित व्यक्ति, अशक्त, असहाय, गम्भिर प्रकृतिको रोग लागेको व्यक्ति वा संघ संस्थालाई मन्त्रालयले सहयोग स्वरुप आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक सहायता प्रदान गर्दा निजहरुको अवस्था हेरी औचित्यतताको आधारमा मन्त्रालयले आर्थिक सहायता वापत बढीमा पचास हजार रुपैयासम्म उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम पचास हजार रुपैयाँ भन्दा बढी आर्थिक सहयोग गर्नुपर्ने भएमा समितिको सिफारिशमा प्रदेश सरकारको स्वीकृति बमोजिम सहयोग प्रदान गरिने छ ।

(४) विपद पिडितको लागि दश हजार भन्दा बढि सहयोग गर्नु पर्ने अवस्था भएमा उपदफा (२) र उपदफा (३) बमोजिम गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम मन्त्रालयले सहयोग स्वरुप आर्थिक सहायता प्रदान गर्दा बैंक खाता मार्फत रकम उपलब्ध गराइनेछ ।

४. **निवेदन दिनु पर्ने:** (१) दफा ३ बमोजिमको आर्थिक सहायता प्राप्त गर्न चाहने पीडित व्यक्ति, अशक्त, असहाय, गम्भिर प्रकृतिको रोग लागेको व्यक्ति वा संघ संस्थाले आफूले आर्थिक सहायता पाउनु पर्ने आधार र कारण खोली देहायका कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छायाँप्रति,

(ख) दफा ३ को उपदफा (१) बमोजिमको अवस्था रहेको भनि सम्बन्धित स्थानीय तहको सिफारिश पत्र,

**स्पष्टीकरण:-** यस उपदफाको प्रयोजनको लागि स्थानीय तह भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ग) नाबालकको हकमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) आवश्यकता अनुसार प्रहरी प्रतिवेदन, जिल्ला प्रशासन कार्यालयको सिफारिश आदि कागजात समेत संलग्न राख्नु पर्नेछ ।

(ङ) संघ संस्थाको हकमा संघ संस्थाको विधान, अधिकारिक दर्ता तथा नविकरण प्रमाणपत्र।

(२) उपदफा (१) बमोजिमका कागजात संलग्न नगरी दिएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

(३) यस दफा बमोजिम आर्थिक सहायता उपलब्ध गराउदा प्राथमिकता निर्धारण गरी उपलब्ध गराउनु पर्नेछ ।

(४) आर्थिक सहायता उपलब्ध गराउने कार्यको अनुगमन, मूल्याङ्कन लगायतका व्यवस्थापन कार्य मन्त्रालयले गर्नेछ।

५. **समितिको गठनः** (१) यस निर्देशिका बमोजिम आर्थिक सहायता निर्धारण र वितरण सम्बन्धी काम कारवाहीको सञ्चालन, रेखदेख तथा प्रवन्ध गर्न एक आर्थिक सहायता सिफारिस समिति रहनेछः

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछनः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) उपसचिव,आन्तरिक मामिला तथा कानून मन्त्रालय (प्रशासन तथा योजना हेर्ने) -सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।

(४) समितिको बैठक आवश्यता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(६) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित

पदाधिकारीले समितिको बैठकमा भाग लिए वापत नियम अनुसारको बैठक भत्ता पाउनेछन्।

६. **झुट्टा विवरण पेश गरी आर्थिक सहायता लिनु नहुने:** (१) कसैले पनि झुट्टा विवरण पेश गरि आर्थिक सहायता लिनु हुदैन ।

(२) आर्थिक सहायता रकम लिने उदेश्यले झुट्टा विवरण पेश गर्ने व्यक्ति र झुट्टा विवरणको सिफारिशपत्र बनाईदिने सिफारिशकर्ता दुबैलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

७. **प्रचलित कानून बमोजिम हुने:** निर्देशिकामा उल्लेख भएका कुराहरुको हकमा यसै निर्देशिका बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

८. **प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था:** प्रत्येक आर्थिक वर्ष समाप्त भएको पहिलो महिनामा आर्थिक सहायता सम्बन्धी विवरण सहितको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ ।

९. **खारेजी र बचाउ:** (१) पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७६ खारेज गरिएको छ ।

(२) पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७६ बमोजिम भए गरेको कार्यहरु यस निर्देशिका बमोजिम भए गरेको मानिने छ ।

१०. **संशोधन गर्न सक्ने:** आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश सरकारले यस निर्देशिकालाई संशोधन गर्न सक्नेछ ।

आज्ञाले,

स्विकृत मिति:-२०७७।१२।१३

वीरेन्द्र कुमार यादव
प्रदेश सरकारको सचिव



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २ बाट प्रकाशित